नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com
manang_cdo@yahoo.com

प.सं.: ०७६/०७७
च.नं.

मिति: २०७७/०३/२३

## जिल्ला प्रशासन कार्यालय, मनाङबाट जारी गरिएको सुचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सम्भावित संक्रमणको रोकथाम नियन्त्रणका र प्रतिकार्यका लागि नेपाल सरकारबाट जारी Lockdown (बन्दाबन्दी) को आदेश जारी रहेको अवस्थामा अत्यावश्यक कामका लागि बाहेक अनावश्यक रुपमा घर बाहिर ननिस्कन तथा निस्कनै पर्ने भएमा न्यूनतम दुई (२) मिटरको सामाजिक दुरी कायम गर्ने, मास्क र स्यानिटाइजरको अनिवार्य रुपमा प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने जस्ता स्वास्थ्य र सुरक्षा मापदण्ड/सावधानीहरु अनिवार्य रुपमा पालना गर्ने गराउने गरी बन्दाबन्दीलाई सहजीकरण गरी केही सेवा तथा कार्यहरु सञ्चालन गरिएकोमा हाल न्युनतम सामाजिक दुरी कायम नगर्ने, बिना मास्क सार्वजनिक स्थलमा हिडडुल गर्ने, अनावश्यक भिडभाड गर्ने, सेवा प्रदायक निकाय वा संस्थाहरुले पनि स्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गर्ने गराउने तर्फ वेवास्ता गरी नेपाल सरकारद्धारा जारी गरीएका आदेशहरुको बर्खिलाप हुन गई कोभिड-१९ को संक्रमण जोखिम बढदै गएको परिस्थितिलाई ध्यानमा राखी त्यस्ता स्वास्थ्य र सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्न गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै स्वास्थ्य सम्बन्धी मापदण्ड तथा सुरक्षाका पूर्व सावधानी नअपनाई बन्दाबन्दीको अवज्ञा गरेको पाईएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कानूनी कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

पुष्पराज पौडेल
प्रमुख जिल्ला अधिकारी

पुष्पराज पौडेल
प्रमुख जिल्ला अधिकारी